# नरैनापुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३


नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरैनापुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२/०८३

## मटेहिया घाट उत्राही ठेक्का सम्बन्धी सूचना !

(सूचना प्रकाशित मितिः२०८२।०४।१३)

यस नरैनापुर गाउँपालिका क्षेत्र भित्र पर्ने राप्ती नदीमा मटेहिया घाट उत्राहीको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा सो घाटको ठेक्का लिन चाहने फर्म वा व्यक्तिहरुले देहाय बमोजिमको शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. यस कार्यालयको राजस्व शाखामा रु.१,०००/- जम्मा गरेको रसीद साथमा राखी संस्था अद्यावधिक नविकरण भएको फर्म इजाजत पत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र र मूल्य अभिवृद्धि करमा दर्ताभएको प्रमाण पत्र तथा आ.व. २०८२/०८३ सम्मको करचुक्ता प्रमाणपत्र, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी ठेकेदार स्वयं वा निजको अधिकार प्राप्त प्रतिनिधि मार्फत निवेदन दिई प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न सकिने छ । सिलबन्दी दरभाउपत्र दाखिला गर्ने सम्बन्धमा सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिनको भोलि पल्ट दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ । रितपुर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन १ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ साथै ठेकेदार वा निजको प्रतिनिधि सिलबन्दी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिनहरुमा विदा परेमा सो कार्यहरु त्यस पछिको कार्यालय खुलेको दिनमा हुनेछ ।

२. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको अथवा पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गरि सक्नु पर्नेछ । सम्झौता गर्न आउदा भ्याटमा दर्ता भएको प्रमाण लिई आउनु पर्नेछ । तोकिएको समयमा सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउपत्र दाताले राखेको धरौटी जफत हुनेछ । दोस्रो सिलबन्दी दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः सिलबन्दी दरभाउपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नरैनापुर गाउँपालिकामा सुरक्षित रहने छ ।

नवराज वली
प्रमुख प्रशासकीय अधिकृत


*कार्यालय कोड नं.८०१०५५७०६ स्थायी लेखा नं.२०१३२२५७६*
*वेबसाइटwww.narainapurmun.gov.np:*
*फेसबुक पेज:www.facebook.com/narainapurrmun*
*ईमेल-:info@narainapurmun.gov.np*
*narainapur.rm073@gmail.com*

# नरैनापुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३


३. सिलबन्दी दरभाउपत्र भर्दा कबोल अंक अक्षर र अंकमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । कबोल अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राजस्व शाखामा जम्मा गरी सोको सक्कल रसिद सिलबन्दी दरभाउपत्र साथ दाखिल गर्नु पर्नेछ ।

४. ठेक्का स्वीकृत भएपछि ठेक्काको किस्ता रकम सम्बन्धमा कबोल अंकको २ किस्तामा ठेक्का रकम बुझाउनु पर्नेछ । दुई किस्ता रकमको प्रथम किस्ताको रकम नरैनापुर गाउँपालिकाको राजस्व शाखामा जम्मा गरेको रसिद बुझाई बाँकी रकमको हकमा २०८३ साउन मसान्त सम्म म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको कार्य सम्पादन बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गरे पछि मात्र सम्झौता गरिने छ । नेपाल सरकारलाई तिर्नु पर्ने ऐन नियमानुसार आयकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ साथै ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको नियमानुसार थप १३% भ्याट बापतको रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ ।

५. रित नपुगी, म्याद नाघी आएको र शर्त राखी आएको सिलबन्दी दरभाउपत्र मान्य हुने छैन ।

६. अस्थायी ठेक्का चलनपूर्जी दिईने छैन । सम्झौता नगरी ठेक्का चलन गर्न पाइने छैन । समयमा सम्झौता नगरी ठेका चलनपूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुने छैन ।

७. कर, दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा उठाउनु पर्ने छ । राष्ट्रिय राजमार्गमा र सहायक राजमार्गमा ढाट राख्न पाईने छैन ।

८. कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु सिलबन्दी दरभाउपत्र फारममा उल्लेख गारिएको छ

९. ठेक्का स्वीकृत हुने ठेकेदारले सम्झौताको वखत एकमुष्ट ठेक्का बापतको रकम बुझाउन चाहेमा ठेक्का रकममा १० प्रतिशत छुट दिईने छ ।

१०. ठेकेदारले नियमानुसारको मुल्य अभिवृद्धि कर रकम उठाउन पाउनेछ । सो बाहेक नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धीत कार्यालयमा बुझाउनु पर्ने छ । ठेक्का रकमबाट कटाउन पाईने छैन ।

नरराज वली
प्रमुख प्रशासकीय अधिकृत


कार्यालय कोड नं.८०१०५५७०६ स्थायी लेखा नं.२०१३२२५७६
वेबसाइटwww.narainapurmun.gov.np :
फेसबुक पेज:www.facebook.com/narainapurrmun
ईमेल-:info@narainapurmun.gov.np
narainapur.rm073@gmail.com

# नरैनापुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

नरैनापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

११. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराई रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्ने छ ।

१२. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । सिलबन्दी दरभाउपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन।

१३. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लीयरेन्स फुकुवा पत्र प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिने छ । सम्मानित अदालत, नेपाल सरकार, नरैनापुर गाउँपालिकाको निति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य हुने छ नीति निर्देशन वा आदेशको पालनको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपुर्तिको दावी यस कार्यालय सँग गर्न पाईने छैन ।

१४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१५. प्रचलित ऐन कानुन र नरैनापुर गाउँपालिका बाँकेले समय समयमा दिएको निर्देशन ठेकेदारले पालना गर्नु पर्नेछ ।

१६. ठेक्काको कर असुल गर्नु पर्ने दर रेटको सुचि तालिका र शर्तहरु कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

१७. ठेक्का सम्बन्धमा कुनै बादविवाद परेमा नरैनापुर गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१८. गत विगतमा ठेकेदारले नरैनापुर गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाई बाँकी रहेकोमा निजको टेण्डर स्वीकृत गर्न यस कार्यालय बाध्य हुने छैन ।

१९. यस कार्यालयले निर्देशन दिई दस्तुर नलिने भनी पत्र लेखेकोमा ठेकेदारले दस्तुरी लिन पाउने छैन । त्यसरी दस्तुरी नलिई छाडेको रकम यस कार्यालयबाट माग गर्न पाउने छैन

नवराज वली
प्रमुख प्रशासकीय अधिकृत

कार्यालय कोड नं.८०१०५५७०६ स्थायी लेखा नं.२०१३२२५७६
वेबसाइटwww.narainapurmun.gov.np :
फेसबुक पेज:www.facebook.com/narainapurrmun
ईमेल-:info@narainapurmun.gov.np
narainapur.rm073@gmail.com

# नरैनापुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरैनापुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

२०. तोकिएको म्याद भित्र ठेकेदारले यस नरैनापुर गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा यस कार्यालयले ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको सयकडा १० का दरले ब्याज समेत ठेकेदारबाट यस कार्यालयले असुल गर्न पाउने छ ।

२१. यस कार्यालयबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही अनुसार हुनेछ ।

२२. सामान्य त्रुटी भएमा यस कार्यालयको निर्णयानुसार हुनेछ ।

२३. विस्तृत जानकारीको लागि कार्यालय समयमा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

२४. मिनाहा माफी सम्बन्धमा : यस सूचना बमोजिम सम्झौता भई ठेक्का चलनपुर्जी जारी गरिए पछि कुनै किसिमको माफी हुने छैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायबाट ठेक्का रोक्का वा वदर गर्ने निर्णय भएमा अवधिको दामासाहिले हुने रकम नेपाल सरकार वा रोक्का गर्ने निकायबाट सोधभर्ना भएमा राजश्व परामर्श समितिबाट सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार मिनाहा माफी दिन सकिने छ ।

२५. अन्य कुरा बुझ्न परेमा यस कार्यालयको वेभसाईट www.narainapurmun.gov.np वा कार्यालयको सूचनापाटी तथा कार्यालय समयमा नरैनापुर गाउँपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

२६. कर संकलन गर्ने स्थान – मटेहिया

२७. घाट उत्राही ठेक्कामा लाग्ने कर

| क्र.सं. | विवरण | ईकाई | ०८२/०८३ को लागि दर (रु.) मु.अ. कर बाहेक |
|---|---|---|---|
| १ | मानिस | प्रति एकको | १० |
| २ | चौपाया | प्रति एकको | ५ |
| ३ | जीप, कार | प्रति एकको | ८० |

नवराज वली
प्रमुख प्रशासकीय अधिकृत

कार्यालय कोड नं.८०१०५५७०६ स्थायी लेखा नं.२०१३२२५७६
वेबसाइटwww.narainapurmun.gov.np :
फेसबुक पेज:www.facebook.com/narainapurrmun
ईमेल-:info@narainapurmun.gov.np
narainapur.rm073@gmail.com

| | | | |
|---|---|---|---|
| ४ | साइकल | प्रति एकको | ५ |
| ५ | बाखा, बाखी, भेडा, भेडी | प्रति एकको | ५ |
| ६ | टाँगा, लडीया खाली | प्रति एकको | २० |
| ७ | टाँगा, लडीया भर्ती | प्रति एकको | ३० |
| ८ | डनलप गाडा खाली | प्रति एकको | २० |
| ९ | डनलप गाडा भर्ती | प्रति एकको | ३० |
| १० | मोटरसाइकल | प्रति एकको | २० |
| ११ | ट्रयाक्टर खाली | प्रति एकको | ५० |
| १२ | ट्रयाक्टर भर्ती | प्रति एकको | १०० |

(क) घाट उत्राहीको ठेक्का लिने ठेकेदारले डुंगाको व्यवस्था स्वामले गर्नु पर्ने छ ।

(ख) घाटको एरिया घाटको दाया बाया एक माइल सम्म कायम रहने छ । सो भित्र कसैले सवारी छली लाने नियत गरेमा सोको उत्राही ठेकेदारले असुल गर्न पाउने छ ।

(ग) सरकारी काममा प्रयोगमा हुने कार, मोटरसाइकल, साइकल आदिको उत्राही रकम ठेकेदारले अशुल गर्न पाउने छैन सूर्योदय देखि सूर्यास्त सम्म ठेकेदारले डुंगा चलाउनु पर्ने छ ।

(घ) मानिसले बोकेको झिन्टी गुन्टा, भारी एकमा एक मन भन्दा कम अन्न समेतको माल सामानमा ठेकेदारले उत्राही कर लिन पाउने छैन ।

(ङ) डुंगा साधारण मर्मत गर्न पर्ने भएमा ठेकेदारले स्वंयम मर्मत गराउनु पर्ने छ र सो रकम यस कार्यालयबाट दावि गर्न पाउने छैन ।

लवराज वली
प्रमुख प्रशासकीय अधिकृत

# नरैनापुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३


(च) डुंगा जिम्मा लिने ठेकेदारको ठेक्का अवधि समाप्त भै अर्को अवधि निजको ठेक्का कायम नभएमा यस कार्यालयद्वारा प्रदान गरिएका जिन्सी सामान कार्यालयलाई फिर्ता बुझाउनु पर्नेछ ।

(छ) काठको डुंगाको सट्टा स्टीमर प्रयोग गर्नेलाई प्राथमिकता दिईने छ ।

(ज) घाटमा संचालन गरिरहेको डुंगामा अनिवार्य रुपले आपतकालिन अवस्थाको लागि चाहिने सामानहरु जस्तै लाईफ ज्याकेट, टयुब आदि ठेकेदारले आफ्नो तर्फबाट राख्नु पर्ने छ ।

(झ) आ.व. २०८२/२०८३ का लागि प्रस्तावित न्यूनतम ठेक्का अङ्क तथा कर सङ्कलन केन्द्र देहाय अनुसार कायम गरिएको छ ।

तपसिलः

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम ठेक्का अङ्क | सिलबन्दी दरभाउपत्र फारम दस्तुर | धरौटी रकम | सिलबन्दी दरभाउपत्र पेश गर्ने समय |
|---|---|---|---|---|---|
| १/२०८२/०८३/घाट उत्राही | मटेहिया घाट उत्राही | ३,००,०००/- (तीन लाख) | १,०००/- (एक हजार) | कबोल अंकको ५% | १५ दिन |

..........................
(नवराज मलौ)
प्रमुख प्रशासकीय अधिकृत